# समितिको २०७८/०४/१५ गतेको निर्णय

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०४/१५ गते शुक्रबार बसेको बैठकले बाढी पहिरोको कारण मेलेम्ची खानेपानी आयोजनामा परेको प्रभाव, खानेपानी वितरण प्रणालीमा देखिएका सम्स्या र काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणाली व्यवस्थित गर्न अगामी कार्ययोजना सम्बन्धमा खानेपानी मन्त्रालयका सचिव, मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत र आयोजना कार्यान्वय निर्देशनालयका प्रमुखसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो :

१. बाढी पहिरोको कारण मेलम्ची खोनपानी आयोजनाको हेडवर्क्स तथा अन्य संरचनामा भएको क्षतिको यथाशिघ्र मूल्यांकन गरी मर्मत/पुनः निर्माण गर्नुपर्ने संरचनाहरुको विवरण र लागत तयार पार्न खानेपानी मन्त्रालयलाई र आवश्यक बजेटको स्रोत सुनिश्चीतता गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

२. काठमाडौं महानगरपालिका, मेलम्ची खानेपानी आयोजना, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वय निर्देशनालय लगायतका सरोकारवाला निकायहरु बिच प्रभावकारी समन्वय एवम् सहकार्यमा आयोजनाको निर्माण, संचालन र खानेपानी वितरणका काम कार्यवाही अगाडी बढाउने वातावरण निर्माण गर्न खानेपानी मन्त्रालयलाई निर्देशन दिने ।

३. आयोजना कार्यान्वय निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेड बिचको संरचना व्यवस्थित गर्न खानेपानी मन्त्रालयलाई निर्देशन दिने ।

४. मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग परीक्षणमा भएको असावधानीका कारण हुन गएको मानवीय क्षति सम्बन्धमा मन्त्रालयले तयार पारेको अध्ययन प्रतिवेदन तत्काल सार्वजनिक गरी डिजाइन परिवर्तन गर्ने पदाधिकारी लगायत दोषी देखिएका व्यक्तिहरु माथि तत्काल कानूनी कार्यवाही अगाडी बढाउन र पिडित परिवारलाई अविलम्ब क्षतिपुर्तिको व्यवस्था गर्न खानेपानी मन्त्रालयलाई निर्देशन दिने ।